भुम्लु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्ले भुम्लु, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पत्र सं.:२०८१/०८२
चलानी नं.

मितिः २०८१/०६/०२

## गाउँपालिकाको प्रशासकीय भवनको लागि निःशुल्क जग्गा वनको लागि उपलब्ध गराउने सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा भुम्लु गाउँपालिकाको प्रशासनीक भवन निर्माणको लागि भुम्लु गाउँपालिका वडा नं ५ मा रहेको राष्ट्रिय वनको ६ रोपनी जग्गा प्रयोग गर्न दिने मन्त्रिपरिषदको मिति २०८१।०५।१३ को निर्णय बमोजिम वन ऐन, २०७६ को दफा ४२ (२) तथा वन नियमावली २०७९ को दफा ९१ मा व्यवस्था भए बमोजिम उक्त प्रशासकीय भवन निर्माणको आयोजना संचालनको लागि वनक्षेत्र उपलब्ध गराउँदा जति वन क्षेत्र प्रयोग गर्नु पर्ने हो कम्तीमा त्यति नै क्षेत्रमा रुख रोप्नको लागि सम्भव भएसम्म आयोजना स्थलको नजिक पर्ने राष्ट्रिय वनक्षेत्रसँग र समान भौगोलिक र पारिस्थितिकीय क्षेत्रमा पर्ने तथा वनको विकास गर्न सकिने भू-बनोट भएको जग्गा वनको लागि उपलब्ध गराउनु पर्ने व्यवस्था भए बमोजिम उक्त क्षेत्रफल बराबर मापदण्ड बमोजिमको जग्गा यस गाउँपालिका भित्रका दश वटै वडाका वडा वासिहरुबाट उपलब्ध गराउन सकिने व्यवस्था भए बमोजिम वनको लागि उक्त जग्गा उपलब्ध गराउन ईच्छुक जग्गाधनिले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयमा निम्नानुसारको कागजातहरु सहित सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

१. जग्गा धनि प्रमाणपत्रको प्रतिलिपि ।
२. निःशुल्क जग्गा उपलब्ध गराउने प्रतिबद्धता सहितको हस्तलिखित निवेदन ।
३. जग्गाको प्रमाणित चार किल्ला ।

सुदर्शन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत